वर्तमान सरकारका

# ५ महिना



प्रधानमन्त्री के.पी. शर्मा ओली
नेतृत्वको वर्तमान सरकारले

# २०७५ साल असारसम्म गरेका
# महत्त्वपूर्ण कार्यहरू

## विषयसूची


- सुशाासनका लागि मानक थालनी ३
- हवाई सेवा र पर्यटन पूर्वाधारमा उल्लेखनीय परिवर्तन ९
- नेपालका आवश्यकता र प्राथमिकतामा आधारित विदेश सम्बन्ध ११
  - २३ देखि २५ चैत्र २०७४ मा भएको भारतको ३ दिने राजकीय भ्रमणका मूख्य उपलब्धिहरू १४
  - ५-१० असार २०७५ मा भएको चीनको औपचारिक भ्रमणका मूख्य उपलब्धिहरू १६
- अर्थ-प्रशासनमा सुधार, राज्यकोषलाई उल्लेख्य लाभ १९
- सडक/रेल पूर्वाधार निर्माणः तीब्र गतिमा काम २३
- पूर्वाधार विकासमा छोटो समयका केही नतिजा २७
- ऊर्जामा आत्मनिर्भरता, राष्ट्रिय आयको दीर्घकालीन साधन २९
- शिक्षा क्षेत्रमा दूरगामी महत्वका तीन प्रमुख काम ३१
- सुरक्षाको क्षेत्रमा भएका मूख्य पाँच काम ३३
- पुनर्निर्माणमा नतिजामुखी काम ३५
- कृषिको व्यवसायिकरण ३७
- सामाजिक सुरक्षामा नयाँ थालनी ३९
- प्रशासनमा शीघ्र र सहज सेवाको प्रवन्ध ४१
- मेलम्ची खानेपानीः सपनाबाट यथार्थमा परिणत हुँदै ४३
- नमुना शहर र एकीकृत वस्ती निर्माणको आधार तयार ४५
- स्वास्थ्य क्षेत्रमा उपलब्धिः औषधीको मुल्य निर्धारण ४६
- उद्योगमा सफलताः फलाम खानी अन्वेषण ४९
- अन्तर्राष्ट्रिय र प्रदेशस्तरीय रंगशाला निर्माणको तयारी ५१
- नीति कार्यक्रम ग्राफिक्समा ५३
- सङ्क्षेपमा बजेट ५९
- संघीयता कार्यान्वयन तथा स्थानीय तहको क्षमता विकाससम्बन्धी केही सूचक ६९
  - कर्मचारी व्यवस्थापन तथा संगठन विकास सम्बन्धी ७१




# सुशासनका लागि मानक थालनी

- **यातायात क्षेत्रको सिण्डिकेट अन्त्य:** यातायात क्षेत्रमा रहेको सिण्डिकेट अन्त्य गरि देशभर एकैसाथ रूटपरमिट खुला गरिएको छ। यातायात व्यवस्था विभाग र मातहतका यातायात व्यवस्था कार्यालयहरूबाट समेत यातायात सेवाको पञ्जिकरण गर्ने कार्य भैरहेको छ। २०७५ साउनदेखि यातायात संघ/संस्था र समितिहरूको नवीकरण नहुने र तिनीहरूको दर्ता खारेजीको प्रक्रिया अघि बढाइ सकिएको छ। त्यस्ता संस्थाहरूले वहन गर्न बाँकी रहेको दुर्घटना विमा लगायतका अनिवार्य दायित्व प्रमुख जिल्ला अधिकारीमार्फत फरफारक हुने व्यवस्था मिलाइएको छ। नयाँ कम्पनी खोल्न सरकारी निकाय बाहेक कसैको सिफारिस लिनु नपर्ने र आउने मंसीर महिनासम्ममा पुराना समितिहरू पनि कम्पनीमा रूपान्तरण भइसक्नु पर्ने व्यवस्था गरिएको छ।

- **सुन तस्करमाथि कारवाही र तस्करी नियन्त्रणमा प्रभावकारी कदम:** सुन तस्करी माथि थालिएको कार्वाहीबाट संगठित अपराधको सञ्जाल भत्काउने कार्यमा सफलता मिलेको छ। हत्या तथा सुन तस्करीमा संलग्न रहेका ७५ जना अभियुक्तहरूलाई प्रतिवादी कायम गरी मुद्दा चलाइएकोमा हालसम्म ४५ जना पक्राउ परेका र ३१ जना अभियुक्तहरू अझै फरार रहेका। पक्राउ परेका ४५ जना अभियुक्तमध्ये १ जनाको अनुसन्धानकै क्रममा हिरासतमा मृत्यु भएको, ३ भारतीय नागरिकसहित ४४ जनालाई मुद्दा चलाइएकोमा ४ जना धरौटी तथा १ जना साधारण तारेखमा रिहा भएको र बाँकी ३९ जनामध्ये ५ जना जिल्ला प्रहरी कार्यालय मोरङको हिरासत र अन्य ३४ जना विभिन्न कारागारहरूमा थुनामा रहेको। घटनामा संलग्न ३१ जना अभियुक्तहरू फरार रहेकोमा हालसम्म ३ जना विरूद्ध रेडकर्नर नोटिस, १ जना विरूद्ध डिफ्युजन नोटिस जारी भइसकेको, त्यसैगरी ८ जना विरूद्ध रेडकर्नर र १ जना विरूद्ध डिफ्युजन नोटिस जारी गर्न जिल्ला प्रहरी कार्यालय, मोरङमार्फत प्रक्रिया अघि बढाइएको। संगठित अपराधको सञ्जालमा आवद्ध रहेकाहरूमध्ये हालसम्म ३६

जना व्यक्तिको जग्गा, बैंक खाता, सेयर, फर्म तथा अन्य गरी जम्मा ९१ वटा कारोवार रोक्का गरिएको । सुन तस्करीको सञ्जाल धेरै हदसम्म छिन्नभिन्न भएको छ।

- **विकास निर्माणको ढिलासुस्ती हटाउने कदमः** विकास निर्माणका काममा हुने ढिलासुस्ती हटाउन प्रभावकारी कदम चालिएको छ। तोकिएको समयसीमामा गुणस्तर कायम गर्दै लागत बमोजिम काम सम्पन्न नगर्ने, ढिलाई तथा लापरवाही गर्ने, सार्वजनिक निर्माण कार्यको जिम्मेवारी लिएका निर्माण व्यवसायीहरू तथा आयोजनाहरूको जिल्लागत विवरण तयार गरिएको छ। ठेकेदार वा कर्मचारीको मिलिमतोमा भएको ढिलासुस्ती माथिको कार्वाहीलाई निरन्तरता दिंदै अनुगमनलाई अझ व्यापक बनाइएको छ।

- **औचित्यहीन भ्रमणमा नियन्त्रणः** औचित्यहीन खर्च र अनावश्यक विदेश भ्रमण रोकिएका छन्। विदेश भ्रमणलाई उपयोगी, नतिजामूखी, मितव्ययी र पारदर्शी बनाउन वैदेशिक भ्रमण ब्यवस्थापन निर्देशिका स्वीकृत गरि लागू गरिएको छ। अघिल्लो आर्थिक वर्षको फागुनदेखि असारसम्म वैदेशिक भ्रमणमा अर्थ मन्त्रालयले मात्र २ करोड खर्च गरेको थियो। यो सरकार बनेपछि आर्थिक वर्ष ०७४/७५ को सोहि अवधिमा ३५ लाख मात्र खर्च भएको छ।

- **सार्वजनिक खर्चमा मितब्ययीताः** कार्यालय सञ्चालन र साधारण खर्च कम गर्दै पूँजीगत खर्च वृद्धि गर्ने उद्देश्य अनुरूप तयार पारिएको सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ कार्यान्वयनमा ल्याइएको छ। गृह मन्त्रालयबाट आर्थिक सहायता, चन्दा, पुरस्कार अन्तर्गत २०७४ साउनदेखि पुससम्म २ हजार १८९ जनालाई २८ करोड ९८ लाख २७ हजार ७० रूपैयाँ वितरण गरिएको थियो। यो सरकार बनेपछि २०७४ माघदेखि ७५ असारसम्म, आन्दोलनका क्रममा जीवन गुमाएका

११ जनाको जनही रू १० लाखका दरले वितरण गरिएको १ करोड १० लाख सहित जम्मा २ करोड ४२ लाख मात्र वितरण भएको छ।

- **सार्वजनिक खरिद अनियमितता रोक्न एकीकृत सूचना प्रणाली:** सार्वजनिक खरिदमा हुने अनियमिततालाई रोक्न र आर्थिक पारदर्शिता कायम गर्न सिंगल पोर्टलमा आधारित एकीकृत सूचना प्रणाली (इजीपी) लागू गरिएको छ।

- **सामाजिक सुरक्षा भत्ता वितरणमा पारदर्शिता:** सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित बनाउन बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ स्वीकृत गरिएको छ। यो प्रणाली हाल कतिपय जिल्लाको वडा तहसम्मै लागू भएको छ।

- **आधा घन्टामै कन्सुलर प्रमाणिकरण सुरू:** परराष्ट्र मन्त्रालयमा आधा घन्टा भित्र कन्सुलर प्रमाणिकरण गर्ने पद्धति सुरू गरिएको छ। यसबाट छरितो रूपमा सरकारी दस्तावेजको आधिकारिता प्रमाणित गरिने हुँदा आम उपभोक्तालाई सहज भएको छ।

- **राजदूत नियुक्तिमा मापदण्ड तर्जुमा:** राजदूत नियुक्ति मापदण्ड तर्जुमा गरिएको छ। यसले राजदूत नियुक्तीमा उठ्ने गरेको 'योग्यता सम्बन्धी प्रश्न'को नीतिगत रूपमा सम्वोधन भएको छ।

- **सुरक्षाकर्मी दुरूपयोगको अन्त्य:** घरेलु कामदारका रूपमा दुरूपयोग गरिएका १५१ सुरक्षाकर्मीहरूलाई नियमित सुरक्षा कार्यमा फर्काइएको छ।

- **राजमार्ग र सडक सुरक्षा प्रवन्ध:** लोकमार्गमा हुने अवरोध हटाउन र सुरक्षा प्रवन्धलाई प्रभावकारी बनाउन विशेष कार्यविधि तयार गरी लागू गरिएको छ। उपत्यका भित्रको ट्राफिक व्यवस्थापन र दुर्घटना न्यूनिकरणका लागि निर्माण सामाग्री ढुवानी गर्ने ट्रिपर र ठूला

मालवाहक सवारी साधनहरूलाई समय सीमा निर्धारण गरी रातको समयमा मात्र उपत्यका प्रवेश गर्न पाउने व्यवस्था लागू गरिएको छ।

- **अध्यागमन ब्यवस्थापनमा टोकन प्रणाली:** अध्यागमन व्यवस्थापनलाई प्रभावकारी बनाउन विदेशी नागरिक अनुगमन निर्देशिका लागू गरिएको छ। अध्यागमन विभागबाट प्रदान गरिने पर्यटक र गैर पर्यटक भिसा वितरण सेवालाई विद्युतीय टोकन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

- **पेट्रोलियम चुहावट रोक्न लकिङ प्रणाली:** पेट्रोलियम पदार्थको ढुवानी गर्दा हुने गरेको चुहावट नियन्त्रण गर्न भारतबाट आउने सबै पेट्रोलियम पदार्थको ढुवानी गर्ने ट्याङ्करहरूमा लकिङ प्रणाली लागू गरिएको छ।




# हवाई सेवा र पर्यटन पूर्वाधारमा उल्लेखनीय परिवर्तन

- पर्यटन प्रवर्द्धनका लागि **सन् २०२० लाई नेपाल भ्रमण बर्ष**का रूपमा मनाउन सचिवालय स्थापना गरी काम अघि बढाइएको छ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाईजहाजको अत्यधिक चापका कारण सृजित समस्या समाधान गर्न २०७५ जेठ ७ गते देखि **विमानस्थललाई दैनिक २१ घन्टा संचालन**मा ल्याइएको छ।

- निजगढ **अन्तर्राष्ट्रिय विमानस्थल**को वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत भएको छ। भैरहवामा निर्माणाधीन गौतम बुद्ध क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यमा ५२ प्रतिशत प्रगति हासिल भएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको निर्माण कार्यले गति लिएको छ।

- नेपाल-जापान दुईपक्षीय **हवाई सेवा सम्झौता पुनरावलोकन** भएको छ। अव सातामा २ पटक उडान हुने सट्टा १४ उडान हुनेछ।

- नेपाल वायुसेवा निगमले अन्तर्राष्ट्रिय उडानमा अभिवृद्धि गर्न वर्षौंपछि खरिद गरेको **वाइडबडी विमान काठमाडौंमा** अवतरण भएको छ। विराटनगर, जनकपुर, नेपालगंज र धनगढीबाट नेपाललाई थप हवाइ प्रवेश मार्ग उपलब्ध भएको छ।

- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले विगतमा नेपाललाई असुरक्षित हवाइ सूचीमा राखेकोमा **हवाइ सुरक्षा स्तर वृद्धि** भएपछि सो सूचीबाट नेपाललाई हटाएको छ।



# नेपालका आवश्यकता र प्राथमिकतामा आधारित विदेश सम्बन्ध

- प्रधानमन्त्रीको दुई छिमेकी मित्रराष्ट्रहरू भारत र चीनको भ्रमणबाट छिमेक-सम्बन्ध नयाँ उचाईमा पुगेको छ। हाम्रो आफ्नै प्राथमिकता, पारस्परिक सम्मान र लाभमा आधारित विदेश सम्बन्धको अध्याय सुरू भएको छ। छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध विस्तार तथा सुदृढीकरण गर्ने क्रममा भारत र पाकिस्तानका प्रधानमन्त्रीहरूले नेपालको भ्रमण गर्नु भएको छ।

- यसै अबधिमा भारत तथा चीनसँगको द्विपक्षीय परामर्श संयन्त्रहरूको वैठक सम्पन्न भएको छ। सेन्ट किट्स एण्ड नेभिस, वुरून्डी र रूवाण्डासँग कूटनीतिक सम्बन्ध स्थापना भएको छ।

- नेपालको बहुपक्षीय कूटनीति नयाँ उचाईमा पुगेको छ। यसक्रममा नेपाल विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूको नेतृत्वमा निर्वाचित भएको छ।

- नेपाल-भारत वीचको सचिवस्तरीय अन्तर सरकारी समिति बैठकबाट विद्यमान नेपाल-भारत व्यापार सन्धी, पारवहन सन्धी र रेल्वे सेवा सम्झौतालाई पुनरावलोकन एवं परिमार्जन गर्ने सहमति भएको छ।

- नेपाल-चीन बीच फ्रि ट्रेड एग्रीमेन्ट गर्ने सम्बन्धमा संभाव्यता अध्ययन मस्यौदा तयार गरी चिनियाँ पक्षलाई प्रतिक्रियाको लागि उपलब्ध गराइएको छ। पारवहन ढुवानी सम्झौताको दोस्रो परामर्श बैठक सम्पन्न भएको छ।

- नेपाल-भारत बीच सदियौं पहिले देखि भएका सन्धी सम्झौताहरूको पुनरावलोकनका लागि परामर्श दिन दुवै देशले बनाएको प्रवुद्ध व्यक्ति समूहले आफ्नो प्रतिवेदन तयार गरेको छ।

- १० वर्ष अघि देखि विराटनगरमा रहंदै आएको भारतीय विशेष सुरक्षा क्याम्प सरकारको पहलमा हटेको छ।

- **डुवान समस्याको दीर्घकालीन समाधानः** प्रधानमन्त्रीको भारत भ्रमण पछि भएको सहमति अनुरूप भारतीय सीमा क्षेत्रमा बर्षेनी हुने डुबानको समस्या समाधान गर्न दुवै देशका प्राविधिक/अधिकारी सम्मिलित संयुक्त कार्यदल गठन गरी दुवैतिरको प्रभावित स्थान पहिचान गरिएको छ। सोही कार्यदलको प्रतिवेदनका आधारमा समस्याको दीर्घकालीन समाधान गर्ने कार्य प्रारम्भ भएको छ।

- **जलमार्गका लागि स्थलगत अध्ययनः** जलमार्गको लागि नेपाल-भारत संयुक्त प्राविधिक टोलीले स्थलगत अध्ययन गरी भावी कार्ययोजना निर्धारण गरेको छ। यसका लागि द्विपक्षीय संयन्त्र निर्माण गर्ने सहमति भएको छ।

- **ऊर्जा उत्पादनमा वाह्य सहयोगः** ऊर्जा क्षेत्रमा सहयोग अदान प्रदान गर्ने विषयमा चीनसँग समझदारीपत्रमा हस्ताक्षर भएको छ।

- नेपाल-भारत विद्युत व्यापार सम्झौता कार्यान्वयन गर्न गठित संयुक्त कार्य समूह र संयुक्त निर्देशक समितिमा दोस्रो अन्तरदेशीय प्रसारण लाइन, ऊर्जा बैंङ्किङ, कुशाहा-कटैया तथा रक्सौल-परवानीपुर प्रसारण लाइनको सम्बन्धमा थप अध्ययन गर्ने सहमति भएको छ।



## २३ देखि २५ चैत्र २०७४ मा भएको भारतको ३ दिने राजकीय भ्रमणका मूख्य उपलब्धिहरू

भारतका प्रधानमन्त्रीसँग भएको प्रतिनिधिमण्डलस्तरीय औपचारिक वार्तामा विगतमा भएका सम्झौता एवं सहमतिको प्रभावकारी कार्यान्वयन मार्फत आपसी सहयोगका क्षेत्रमा ठोस प्रगति हासिल गर्ने विषयमा नेपालको जोड रहेको थियो। यस सन्दर्भमा कृषि, जलमार्ग एवं रेलमार्गका क्षेत्रमा सहयोग विस्तार गर्ने समझदारी हुनुका साथै सो वारेमा तीनवटा अलग अलग संयुक्त घोषणा समेत गरिएको छ।

विषयगत रूपमा उर्जाको क्षेत्रमा दुई मुलुकबीच सम्पन्न उर्जा व्यापार सम्झौताको प्रभावकारी कार्यान्वयन एवं पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई अघि बढाउनका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदनको शीघ्र अनुमोदनका लागि प्राथमिकताका साथ कार्य अघि बढाउने वारेमा दुवै पक्षबीच सहमति भयो। महाकाली सन्धि अनुसार

नेपालले तत्काल पाउनुपर्ने सिंचाइ लगायतका सुविधाका लागि पूर्वाधार निर्माण गरिदिन समेत थप पहल भएको छ। नेपाल र भारतका बीच उर्जा बैकिङ्को अवधारणामा आधारित विद्युत व्यापारको प्रस्ताव गरिएको छ।

दुई मुलुकबीच कनेक्टिभिटी प्रबर्द्धन गर्नका निमित्त सीमापार रेल, एकीकृत चेकपोष्ट एवं हुलाकी मार्ग सम्बन्धी परियोजनाहरूको शीघ्र कार्यान्वयनका लागि दुवै तर्फबाट सहजीकरण गर्ने सम्बन्धमा सहमति भएको छ। भूकम्प पश्चातको पुनर्निर्माण एवं नेपालको प्राथमिकताका परियोजनाहरूमा भारतीय सहुलियतपूर्ण ऋणको उपयोगका विषयमा समेत थप पहल गरिने भएको छ।

पारवहनलाई थप सहज तुल्याउन, बाढी तथा डुवान समस्याको दीर्घकालीन समाधानका लागि संयुक्त नीरिक्षण टोली खटाउन एवं महाकाली पुल लगायत अन्य पूर्वाधार निर्माणलाई तीब्रता दिन दुवै पक्षबीच गम्भीर छलफल भई प्राथमिकताका साथ अगाडि बढ्ने सहमति भएको छ।

भारत भ्रमण कै क्रममा गरिएको वीरगंज एकीकृत जाँच चौकीको उदघाटनवाट नेपाल र भारतबीच व्यापार एवं पारवहन सहजिकरणका साथै जनताहरूको आवागमनमा सुविधा हुनेछ।

मेरो भारत भ्रमणबाट नेपाल र भारतका बीच विश्वासको अभिवृद्धि भएको छ। साथै, यसबाट द्विपक्षीय मैत्रीपूर्ण सम्बन्ध थप सुदृढ हुनुका साथै आगामी दिनमा समानता, आपसी सम्मान र हितका आधारमा सम्बन्धलाई नयाँ ढंगबाट अघि बढाउन र सहयोग विस्तार गर्न योगदान पुर्‍याएको छ।



## ५–१० असार २०७५ मा भएको चीनको औपचारिक भ्रमणका मूख्य उपलब्धिहरू

चीन भ्रमणका अवसरमा भएका उच्चस्तरीय भेटघाट र छलफलबाट दुई देशबीच मित्रता आपसी विश्वास एवं समझदारीमा अभिवृद्धि भएको छ। रेलमार्ग, उर्जा, यातायात, भौतिक पूर्वाधार, लगानी, पर्यटन जस्ता विषयहरूमा सहमती भएका छन्।

दुई देश बिच रेल्वे कनेक्टिभिटि सहयोग सम्बन्धी समझदारी भएको छ। यसको कार्यान्वयनबाट केरूङ्-रसुवागढी-काठमाण्डौ रेलमार्ग विकासको लागि चिनियाँ अनुदानमा पूर्व सम्भाव्यता अध्ययन शीघ्र सम्पन्न भई सहयोग सम्बन्धी कारवाही अगाडि बढ्ने छ। यसबाट काठमाण्डौ-पोखरा-लुम्बिनी रेलमार्ग निर्माणका लागि पनि आधार तयार हुनेछ।

स्थल र हवाई सम्पर्कको लागि कोशी आर्थिक कोरिडोर, गण्डकी आर्थिक कोरिडोर तथा कर्णाली आर्थिक कोरिडोर विकासको लागि संभाव्य सहयोग उपलब्ध गराउने बारे थप अध्ययन गर्ने सहमति भएको छ। दुई मुलुकका एयरलाइन्स कम्पनीहरूलाई सीधा हवाई सम्पर्क बिस्तारका लागि अभिप्रेरित गर्न सहमती भएको छ। सिमावारपार प्रशारण लाइन निर्माणको सिलसिलामा केरूङ-रसुवागढी-गल्छी-रातमाटे ४०० केभी प्रशारण लाइनको संभाव्यता अध्ययन गर्ने सम्बन्धी सम्झौतामा नेपाल विद्युत प्राधिकरण र चिनियाँ स्टेट ग्रिड कर्पोरेशनबिच हस्ताक्षर भएको छ।

तातोपानी खासा नाका सन् २०१९ को मे महिनासम्ममा खुला गर्ने सहमति भएको छ। त्यसैगरी रसुवागढी-केरूङ्ग नाकालाई सुब्यबस्थित रूपमा संचालन गर्न, स्याफ्रुबेसी रसुवागढी सडक सुधार गर्न तथा हिल्सामा पुल निर्माण यथाशीघ्र सम्पन्न गर्न दुवै पक्षहरू सहमत भएका छन्।

नेपालमा तेल तथा ग्याँसको अन्वेषणको संभाव्यता अध्ययनका लागि सहयोग उपलब्ध गराउने र पेट्रोलियम पदार्थको भण्डारणका लागि आवश्यक पूर्वाधार निर्माणका लागि सहयोग गर्ने सहमती भएको छ। यसका अतिरिक्त भ्रमणका अवसरमा निम्न लिखित सम्झौता, समझदारी एवं पत्रहरूको आदान प्रदानमा हस्ताक्षर सम्पन्न भएको छः

- उर्जा सहयोग, लगानी तथा उत्पादन क्षमता र मानव संशाधन सहयोग सम्बन्धी छुट्टाछुट्टै समझदारीपत्र
- मितेरी पुल र रसुवा पुल पुनर्निर्माण सम्बन्धी दुई छुट्टाछुट्टै सम्झौता
- मालसामान ढुवानीका लागि नेपालले चीनको तिब्बती राजमार्ग उपयोग गर्ने सम्बन्धी प्रोटोकल

- नेपाल–चीन सहयोग अन्तर्गतका कार्यक्रम र परियोजनाको कार्यान्वयन सहजीकरणका लागि संयन्त्र स्थापना गर्ने सम्बन्धी दुई देशका परराष्ट्र मन्त्रालयहरूबीचको समझदारीपत्र
- नेपाल र चीनका परराष्ट्र मन्त्रालयहरूबिच सहयोग सुदृढीकरण सम्बन्धी समझदारीपत्र
- नेपाललाई पुनर्निर्माणको लागि चीन सरकारले तीन अरब चिनियाँ युआन सहयोग गर्ने पूर्व घोषित प्रतिबद्धता अनुरूप बाँकी एक अरब युआन सहयोग प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी सम्झौता
- नुवाकोट दरबार पुनर्निर्माण सम्बन्धी पत्रको आदान प्रदान
- रसुवा, दोलखा र सिन्धुपाल्चोकमा बिद्यालय पूनर्निर्माण सम्बन्धी पत्रको आदान प्रदान
- पूर्वी तराइ नदी नियन्त्रण आयोजना अन्तर्गत झापा जिल्लाका विभिन्न ९ वटा नदी नियन्त्रण सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर
- प्रधानमन्त्रीको उपस्थितिमा नेपाल र चीनका सार्वजनिक र निजी क्षेत्रका व्यवसायीहरूबीच जलविद्युत तथा उत्पादन लगायतका क्षेत्रमा ९ वटा सम्झौताहरू सम्पन्न भएका छन्।

- ६ वटा आन्तरिक राजस्व कार्यालय र ९ वटा करदाता सेवा कार्यालयहरु थप
- लक्ष्य भन्दा बढि राजश्व संकलन, भन्सार प्रणालीमा सुधार
- विकास खर्चमा उत्साहजनक वृद्धि
- स्थानीय तहमा बैंकिङ सेवा विस्तार
- पूँजी बजारमा डिजिटल पेमेन्ट
- सरकारी भुक्तानीमा "सेन्ट्रल विलिङ सिस्टम"
- नेपाल पुनर्बीमा कम्पनीको पूँजी बृद्धि गरी रू. १० अर्ब
- निक्षेप तथा कर्जा सुरक्षण कोषको पूँजी बृद्धि गरी रू. ८ अर्ब
- साना निक्षेपकर्ताको निक्षेपको अनिवार्य बीमा सीमा वृद्धि गरी रू. ३ लाख
- सिनेमा उद्योगमा बक्स अफिस प्रणाली
- श्रमिकलाई बैंकमार्फत तलव भुक्तानी






## अर्थ–प्रशासनमा सुधार, राज्यकोषलाई उल्लेख्य लाभ

- आन्तरिक राजस्व र भन्सार विभाग अन्तर्गतका **संगठन संरचनाहरूमा परिमार्जन** गरिएको छ। राजस्व संकलनको संभावना भएका स्थान र क्षेत्रमा कार्यालय विस्तार गरिएको छ। आन्तरिक राजस्व विभाग अन्तर्गत ६ वटा आन्तरिक राजस्व कार्यालय र ९ वटा करदाता सेवा कार्यालयहरू थप गरिएका छन्।

- **लक्ष्य भन्दा बढि राजश्व संकलनः** आर्थिक वर्ष २०७४/७५ को माघ मसान्तसम्म लक्ष्य अनुरूप राजस्व संकलन भएको थिएन। फागुनमा यो सरकार निर्माण भएपछि असार मसान्त सम्मको संकलनले अघिल्लो अवधिमा न्यून रहेको संकलनलाई समेत पूर्ति गरी वार्षिक लक्ष्य अनुरूप राजस्व संकलन भएको छ। आर्थिक वर्ष ०७३/०७४ को सोही अवधिमा रू.२९० अर्व राजस्व संकलन भएकोमा आ.व. ०७४/०७५ मा रू.३४८ अर्व राजश्व संकलन भएको छ। यस आर्थिक बर्षमा राजस्व संकलनका लागि तय गरिएको ७३० अर्व रूपैयाँको लक्ष्य भन्दा बढि रू. ७३२ अर्व संकलन भएको छ। काठ, दाउरा र जडीबुटी लगायत वन पैदावार बिक्री वितरणबाट करिब रू ७८ करोड र संरक्षित क्षेत्रको पर्यटनबाट करिब ३२ करोड गरी जम्मा रू १ अर्व १० करोड रूपैयाँ राजश्व संकलन भएको छ।

- **भन्सार प्रणालीमा सुधारः** भन्सार मूल्याङ्कन प्रणालीमा गरिएको सुधारका कारण रसुवागढी भन्सारबाट मात्रै वितेको २ महिनामा २०० प्रतिशत राजश्व संकलन भएको छ। आन्तरिक राजश्व प्रणालीको ट्याक्स प्रणाली अडिट सम्पन्न भएको छ।

- **विकास खर्चमा उत्साहजनक वृद्धिः** गत आर्थिक वर्षको तुलनामा यस पटक सार्वजनिक खर्च उत्साहप्रद रहेको छ। गत आर्थिक वर्षमा ७८ प्रतिशत मात्रै सार्वजनिक खर्च थियो भने यसपटक बढेर ८७ प्रतिशत पुगेको छ।

- **स्थानीय तहमा बैंकिङ सेवा विस्तारः** माघ मसान्त २०७५ सम्म ३९४ वटा स्थानीय तहमा मात्र वाणिज्य बैंकको शाखा रहेकोमा असार मसान्त २०७५ सम्म थप २३७ वटा गरी ६३१ स्थानीय तहमा बैंकको शाखा विस्तार भएको छ। छिट्टै सबै स्थानीय तहमा बैंकको शाखा बिस्तार हुनेगरी कार्य अघि बढेको छ।

- **पूँजी वजारमा डिजिटल पेमेन्टः** पूँजीवजारमा लगानीकर्ताको प्रत्यक्ष पहुँचका लागि साउन १ गतेदेखि  अनलाइन ट्रेडिङको परीक्षण शुरूवात गरिएको छ। तोकिएका सवै वैंकका जुनसुकै शाखाबाट राजस्व वुझाउन सक्ने व्यवस्था (डिजिटल पे मेण्ट) २०७५ साउन १ गतेदेखि शुरू गरिएको छ।

- **सरकारी भुक्तानीमा 'सेन्ट्रल विलिङ सिस्टम':** सरकारको तर्फबाट हुने सवै भुक्तानी विद्युतीय प्रणालीबाट गर्ने सिलसिलामा नेपाल सरकारको तर्फबाट हुने सवै भुक्तानी र आय डिजिटल प्रणालीबाट गर्न थालिएको छ। सेन्ट्रल विलिङ सिस्टम लागू गरी कुनै पनि ठूला कारोवारीले रसिद काट्ना साथ राजश्व सम्बन्धि निकायलाई जानकारी हुने प्रणाली विकास गरिएको छ। १ करोड भन्दा माथिको सवारी साधन किन्दा आम्दानीको स्रोत खुलाउनु पर्ने र सेकेन्ड टायर सेयर किन्नको लागि प्यान कार्ड अनिवार्य गरिएको छ।

- **नेपाल पुनर्वीमा कम्पनीको पूँजी बृद्धि** गरी चुक्ता पूँजी रू. १० अर्ब पुऱ्याइएको छ। यस्तै निक्षेप तथा कर्जा सुरक्षण कोषको पूँजी बृद्धि गरी चुक्ता पूँजी रू. ८ अर्ब पुऱ्याइएको छ। साना निक्षेपकर्ताको निक्षेपको अनिवार्य वीमा सीमा वृद्धि गरी रू. ३ लाख पुऱ्याइएको छ।

- **श्रमिकलाई बैंकबाट तलवः** श्रमिकको पारिश्रमिक बैकिङ् प्रणाली मार्फत भुक्तानी दिने निर्णय भई कार्यान्वयनमा ल्याइएको छ।

- **सिनेमा उद्योग पारदर्शी कर प्रणालीमाः** सिने क्षेत्रमा लामो समयदेखि चर्चामा रहेको बक्स अफिस प्रणालीमा लागू गरि करको दायरामा ल्याइएको छ। यसबाट निर्माता, कलाकार र हलहरूको लगानी सुरक्षित हुने र कर प्रणाली पारदर्शी भएको छ।

- कान्ति लोकपथको सडक कालोपत्रे
- मुग्लिङ–नारायणघाट सडक कालोपत्रे
- नागढुंगामा सुरुङ मार्ग निर्माण कार्य शुरु
- मुग्लिङमा आर्कब्रिज निर्माण अन्तिम चरणमा
- कलंकी–कोटेश्वर खण्ड सडक विस्तार अन्तिम चरणमा
- गल्छी–त्रिशुली–स्याफ्रुवेशी सडक खण्ड निर्माण तीव्र गतिमा
- बर्दिबास–लालबन्दी रेलमार्गको ३० कि.मि. ट्र्याक निर्माण ८०% पुरा
- जयनगर–जनकपुर (कुर्था) रेलमार्ग संचालन गर्ने लक्ष्य सहित निर्माण कार्य शुरु
- दूधकोशी नदी र खोटाङको जयरामघाट लगायत अन्य ७० वटा पुलहरुको निर्माण पुरा
- २ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ नेपालमा पहिलोपटक पाँच हजार सहभागि क्षमताको वृहद सभागृहको राष्ट्रपतिद्वारा लुम्बिनीमा शिलान्यास
- अन्तर्राष्ट्रिय स्तरका आठ वटा सभागृहहरुको डिजाइन कार्य सम्पन्न



# सडक/रेल पूर्वाधार निर्माण: तीव्र गतिमा काम

- ३६ किलोमिटर लामो **मुग्लिङ-नारायणघाट कालोपत्रे सडकको दुई लेनमा स्तरोन्नति** भएको छ। काठमाडौं उपत्यका चक्रपथ विस्तार अन्तर्गत कलंकी कोटेश्वर खण्ड सडक विस्तार अन्तिम चरणमा रहको छ।

- सिमरा बर्दिबास (१०८ कि.मि.) **रेलमार्ग निर्माण**को बर्दिबास लालबन्दी खण्डको ३० कि.मि. क्षेत्रमा ट्र्याक बेड निर्माण ८० प्रतिशत सकिएको छ। सन् २०१८ भित्र जयनगर-जनकपुर (कुर्था) ३५ कि.मि. रेलमार्ग संचालन गर्ने लक्ष्य सहित जयनगर देखि बिजलपुर सम्म ५२ कि.मि. खण्डमा रेलमार्ग निर्माण कार्य अघि बढेको छ।

- पृथ्वी राजमार्ग अन्तर्गत त्रिशुली नदी पुल, मुग्लिङमा **आकर्षक आर्कब्रिज निर्माण** कार्य अन्तिम चरणमा पुगेको छ। यसैगरी मुग्लिङ नारायणघाट सडकमा पर्ने १४ वटा पुलहरूको निर्माण दुई वर्षभित्र सक्ने गरी काम थालनी भएको छ। दूधकोशी नदी र खोटाङ जिल्लाको जयरामघाटमा पुल निर्माण सम्पन्न भएको छ। रातु नदी पुल, वर्दिवास कमला नदी पुल, दुधौली लगायत अन्य ७० वटा पुलहरूको निर्माण भएको छ।

- राजधानी प्रवेशको मुख्य द्वार नागढुंगामा **सुरूङ मार्ग निर्माण कार्य शुरू** भएको छ।

- कान्ति लोकपथको दुई लेन सडक कालोपत्रेमा स्तरोन्नति भएको छ। १८ महिना भित्र सम्पन्न गर्ने लक्ष्य साथ गल्छी-त्रिशुली - मैलुङ-स्याफ्रुवेशी सडक खण्ड निर्माण तीव्र गतिमा भइरहेको छ।

- देशका विभिन्न भागमा बनाउन लागिएका अन्तर्राष्ट्रिय स्तरका **आठ वटा सभागृहहरूको डिजाइन कार्य सम्पन्न** भइसकेको छ। लुम्बिनीमा आगामी दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ नेपालमा पहिलोपटक पाँच हजार सहभागि क्षमताको वृहद सभागृहको

सम्माननीय राष्ट्रपतिबाट शिलान्यास भइसकेको छ। नुवाकोटमा बनाइने भ्यु टावरको डिजाइन कार्य सम्पन्न भइसेको छ भने काठमाडौको ववरमहलमा बनाइने प्रशासनिक प्लाजाको डिजाइन कार्य सम्पन्न भएको छ।

कूल १८७ तुइन रहेकोमा
९० झोलुङ्गे पुल निर्माण
४४ स्थानमा झोलुङ्गे
पुल निर्माणाधीन

कर्णाली सिंचित क्षेत्र
संरक्षणका लागि तटबन्ध
निर्माण तथा चिसापानी इन्टेकमा
गेट निर्माण सुरु

भेरी–बबइ डाइभर्सन
आयोजनाको ६ किलोमिटर
सुरुङ निर्माण पूरा



न्यूनतम ९०
दिनसम्मको लागि धान्ने गरी
देशका ५ स्थानमा पेट्रोलियम
पदार्थ भण्डारण गृह निर्माण
स्थान छनौट

काठमाडौं र तराइं
जोड्ने द्रुतमार्गको ५४ कि.मि.
सडक खण्डमा कटिङ, फिलिङ
तथा सडक संरचना निर्माण
अन्तिम चरणमा

- वीरगञ्जमा एकीकृत भन्सार जाँचचौकी सञ्चालनमा
- तातोपानी सुख्खा बन्दरगाहको पुनर्निर्माण तीव्रगतिमा

# पूर्वाधार विकासमा छोटो समयका केही नतिजा

- कूल १८७ स्थानमा तुइन रहेकोमा ९० स्थानमा **तुइन प्रतिस्थापन गरी झोलुङ्गे पुल निर्माण** गरिएको छ भने ४४ स्थानमा तुइन विस्थापनका लागि झोलुङ्गे पुल निर्माणधीन अवस्थामा छन्। बाँकी १६ स्थानका तुइन प्राविधिक रूपमा विस्थापन गर्न नसकिने, २२ स्थानका विस्थापन गर्न नपर्ने, १० वटा दोहोरिएको र ५ वटा तुइन भारतीय सीमा नदीमा रहेकाले भारतको अनुमति लिनु पर्ने अवस्थामा छन्।

- वीरगञ्जमा **एकीकृत भन्सार जाँच चौकी निर्माण** भई सञ्चालनमा आएको छ। आगामी वर्षको मे महिनाभित्र सञ्चालनमा आउने गरी तातोपानी सुख्खा बन्दरगाहको चीन सरकारको सहयोगमा पुनर्निर्माण भईरहेको छ।

- न्यूनतम ९० दिनसम्मको आवश्यकतालाई धान्ने गरी **पेट्रोलियम पदार्थ भण्डारण गृह निर्माण** गर्न नुवाकोटको बट्टार, तनहुँको आँबुखैरेनी, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लामा पनि उपयुक्त स्थान छनौट भएको छ।

- काठमाडौं र तराईजोड्ने **द्रूतमार्ग निर्माण**को लागि १९ हजार ५०० रूखहरू काट्ने काम सकिएको छ। द्रूतमार्गको ५४ कि.मि. सडक खण्डमा कटिङ, फिलिङ तथा सडक संरचना निर्माण भइरहेको छ।

- भेरी-बबइ डाइभर्सन आयोजनाको ६ किलोमिटर **सुरूङ निर्माण सकिएको** छ।

- कर्णाली नदीमा सिंचित क्षेत्र संरक्षणका लागि **तटबन्ध निर्माण सुरू** भएको छ। कर्णालीको चिसापानी इन्टेकमा गेट निर्माण सुरू भएको छ।

• सिंहदरवार परिसरका भवनहरुमा १ मेगावाट सौर्य विद्युत प्रणाली जडान

• निजी जलविद्युत परियोजनाबाट २८ मेगावाट विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जडान

• ९०० मेगावाटको ठूलो परियोजना अरुण तेस्रो जलविद्युत परियोजनाको शिलान्यास

• एकवर्षभित्र २५ मेगावाट क्षमताको सौर्य परियोजना निर्माण गर्नेगरी नुवाकोटमा शिलान्यास

## ऊर्जामा आत्मनिर्भरता,
## राष्ट्रिय आयको दीर्घकालीन साधन



- **सिंहदरवारमा घामबाट विजुली:** सिंहदरबार परिसरका भवनहरूमा १ मेगावाट क्षमता बराबरको सौर्य विद्युत प्रणाली जडान गरिएको छ। निजी क्षेत्रबाट सञ्चालित जलविद्युत परियोजनाबाट २८ मेगावाट विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोडिएको छ।

- **९ सय मेगावाटको ठूलो परियोजना शिलान्यास:** ९०० मेगावाट क्षमताको अरूण तेस्रो जलविद्युत परियोजना शिलान्यास भएको छ। एकवर्षभित्र २५ मेगावाट क्षमताको ग्रीड सौर्य परियोजना निर्माण गर्नेगरी गत वैशाख १४ गते नुवाकोटमा परियोजना शिलान्यास भएको छ।

# शिक्षा क्षेत्रमा दूरगामी महत्वका तीन प्रमुख काम



- **अढाई लाख बालबालिका स्कूलमा, समयमै पाठ्यपुस्तकः** विद्यालय जाने उमेरका ३ लाख १३ हजार २०८ बालबालिका विद्यालय बाहिर थिए। प्रधानमन्त्रीको विशेष अग्रसरतामा कर्णाली प्रदेशको मुगुबाट सुरू गरिएको विद्यार्थी भर्ना अभियानले ती मध्ये २ लाख ५६ हजार ५५६ बालबालिकालाई विद्यालय भर्ना गराएको छ र उनीहरू नियमित पठनपाठनमा छन्। यसअघि शैक्षिक सत्र सकिनलाग्दा पनि बालबालिकाहरूलाई पाठ्यपुस्तक उपलब्ध हुँदैनथ्यो। यस पटक शैक्षिक सत्रको सुरूमै सहज रूपमा बालबालिकाका हातहातमा पाठ्यपुस्तक पुर्‍याइएको छ।

- **सुरक्षित विद्यालय नीति अन्तिम चरणमाः** कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क गर्न अधिकारमा आधारित बालबालिका शिक्षा ऐन पारित गर्ने सैद्धान्तिक सहमति भएको छ र सोही वमोजिम ऐनको मस्यौदामा छलफल भइरहेको छ। सुरक्षित विद्यालय नीतिको अन्तिम मस्यौदा तयार भएको छ।

- **'उच्च शिक्षा अध्ययनका लागि शैक्षिक ऋण' कार्यान्वयनः** उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण शैक्षिक ऋण प्रदान गर्ने कार्यविधि निर्माण भइसकेको छ। यसै बीचमा सरकारले २३ सदस्यीय राष्ट्रिय उच्च शिक्षा आयोग गठन गरेको छ।

डुवान समस्या न्यूनीकरण गर्न सफलता

प्राकृतिक प्रकोपको पूर्व जानकारी दिने ब्यवस्था

विपदमा आकस्मिक स्वास्थ्य सुविधा

मनसुन तथा आपतकालीन योजना, २०७५ तयार गरी लागू

## सुरक्षाको क्षेत्रमा भएका मूख्य पाँच काम

- **डुवान समस्या न्यूनीकरण गर्न सफलता:** विपद ब्यवस्थापन प्रणाली ब्यवस्थित थिएन। विपद ब्यवस्थापन प्रभावकारी बनाउन बाढी, पहिरो डुवानको पूर्वसूचना, सतर्कता र उद्धारलाई प्रभावाकारी बनाइएको छ। विगतका तुलनामा यसपटक डुवानका समस्या कम गर्न र प्रकोपको पूर्वसूचना दिन सरकार सफल भएको छ।

- **प्राकृतिक प्रकोपको पूर्व जानकारी दिने ब्यवस्था:** मौसम विज्ञान विभागको प्रभावकारितामा वृद्धि भएको छ र तीन प्रमूख नदीहरूमा यन्त्र जडान गरी प्रभावकारी रूपमा प्रारम्भिक चेतावनी दिने व्यवस्था मिलाइएको छ।

- **विपदमा परेकालाई आकस्मिक स्वास्थ्य सुविधा:** विपद वा प्राकृतिक प्रकोपका बेला उत्पन्न हुने आकस्मिक स्वास्थ्य समस्या समाधान गर्न गण्डकी, कर्णाली प्रदेश र प्रदेश नं. ७ मा आकस्मिक स्वास्थ्य केन्द्र सञ्चालन सुरू भएको छ।

- प्रत्येक जिल्लामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको खोज तथा उद्धार टोली तयारी अवस्थामा राखिएको छ। **मनसुन तथा आपतकालीन योजना, २०७५ तयार** गरी लागू गरिएको छ।

११६ सम्पदा र
साढे ३ हजार विद्यालय
पुनर्निर्माण

• पुनर्निर्माणमा
थप ३९,७८१ वटा अनुदान सम्झौता
• ३४००७ परिवारलाई पहिलो किस्ता
• २,५६,३९९ जना थप लाभाग्राहीलाई दोस्रो किस्ता
• १,७१,७७४ जना लाभग्राहीलाई तेस्रो किस्ता
रकम उपलब्ध
१,५१,२८० लाभाग्राहीका निजी
आवास प्रमाणिकरण

नेपाली सेनाका
९० ब्यारेकहरू मध्ये ४५
वटा वर्तमान सरकार गठन
पछि निर्माण



# पुनर्निर्माणमा नतिजामुखी काम

- **पुनर्निर्माणमा ठोस प्रगति सुरू:** पुनर्निर्माणमा फागुनयता थप ३९ हजार ७८१ वटा अनुदान सम्झौता भएका छन्। थप ३४ हजार ७ परिवारलाई पहिलो किस्ता रकम उपलब्ध गराइएको छ। यसै अबधिमा २ लाख ५६ हजार ३९९ जना थप लाभाग्राहीलाई दोस्रो किस्ता र १ लाख ७१ हजार ७७४ जना लाभग्राहीलाई तेस्रो किस्ता वितरण गरिएको छ। यसै अवधिमा निर्माण सम्पन्न भएका १ लाख ५१ हजार २८० लाभाग्राहीका निजी आवास प्रमाणिकरणका क्रममा छन्।

- भूकम्पपछि जोखिमयुक्त बस्तीमा रहेका **१ हजार १८० परिवारलाई अनुदान** मार्फत सुरक्षित स्थानमा जग्गा खरिद गराइएको छ। पहिले २०६ परिवारलाई मात्रै सुरक्षित स्थानमा स्थानान्तरण गरिएकोमा वर्तमान सरकार बनेपछि ९७४ परिवार यो प्रक्रियामा थपिएका हुन्। उनीहरूका निजी आवास निर्माण भइरहेको छ।

- **११६ सम्पदा र साढे ३ हजार विद्यालय भवन पुनर्निर्माण:** भूकम्पबाट क्षतिग्रस्त ऐतिहासिक वसन्तपुर दरबार गद्दी बैठक पुनःनिर्माण सकिएको छ। अन्य पूरातात्विक सम्पदाहरू मध्ये यसअघि ८० वटा मात्रै निर्माण सम्पन्न भएका थिए। वर्तमान सरकार बनेपछि ३६ वटा पूरातात्विक सम्पदा निर्माण भई कूल ११६ वटाको पुनर्निर्माण सम्पन्न भएको छ। निर्माण सम्पन्न भएका ३ हजार ७८५ विद्यालय भवन मध्ये ६८५ वटा विद्यालय भवन वर्तमान सरकार गठनपछि निर्माण भएका हुन्। भूकम्पबाट क्षति भएका नेपाली सेनाका ९० वटा ब्यारेकहरू मध्ये वर्तमान सरकार बन्नुअघि ४५ वटाको निर्माण भएको थियो भने बाँकी ४५ वटा वर्तमान सरकार गठन भएपछि निर्माण कार्य सम्पन्न भएको छ। सैनिक मुख्यालय सहित ५ वटा भवनहरूको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

- विभिन्न जिल्लाका भूकम्प पीडितलाई जिल्ला वन कार्यालय, टिम्बर कर्पोरेशन र सामुदायिक वनहरू मार्फत ७ लाख ८९ हजार १६३ क्यू फिट **काठ सहुलियत दरमा** उपलब्ध गराइएको छ।

- कृषिलाई उद्योगमा बदल्ने थालनी
- पशु नश्ल सुधारका कृत्रिम गर्भाधान तथा स्वदेशमै पशु खोप उत्पादन गरी वितरण
- दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रम सञ्चालन
- नेपालबाट भारतमा अदुवा निर्यातको कठीनाई समाधान



# कृषिको व्यवसायिकरण

- **कृषि पेशालाई उद्योगमा रूपान्तरण:** निर्वाहमुखी कृषि पद्दतिलाई कृषि उद्योगका रूपमा विकास गर्न नेपाल–भारत कृषि प्रविधि साझेदारी प्रक्रिया सुरू भएको छ। यस क्रममा ६१ जिल्लामा मकै लगायत अन्य कोसेबालीको बीऊ र विशेष कृषि कार्यक्रम अन्तर्ग १ हजार ७०० मेट्रिकटन धानको बीऊ अनुदानमा वितरण गरिएको छ।

- **पशु नश्ल सुधार**का लागि १ लाख ७६ हजार २ सय २६ जनावरमा कृत्रिम गर्भाधान गरिएको छ। स्वदेशमै पशु खोप उत्पादनमा आत्मनिर्भर हुन विभिन्न पशु रोग विरूद्धको खोप १ करोड १२ लाख र रेबिज विरूद्धको खोप १ लाख ८ हजार डोज उत्पादन गरी वितरण गरिएको छ।

- दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रम अन्तर्गत २३ जिल्लाका २०० दुग्ध उत्पादक **सहकारी संस्थाहरूलाई रू. ७ करोड अनुदान** वितरण भएको छ। २० वटा भन्दा बढी दुहुना गाईभैंसी पाल्ने ३० जना व्यवसायिक किसानहरूलाई ३० वटा मिल्किङ मेशिन खरिदमा सहुलियत वा अनुदान उपलब्ध गराएको छ।

- **निर्यातको कठीनाई समाधान:** नेपालबाट भारतमा अदुवा निर्यात गर्दा उत्पन्न हुँदै आएको समस्या समाधान गरिएको छ।

# सामाजिक सुरक्षामा
# नयाँ थालनी



- **विदेशमा अलपत्र श्रमिकको उद्दार:** विभिन्न मुलुकमा अलपत्र परेका नेपालीहरूलाई उद्दार गरी नेपाल फिर्ता ल्याइएको छ। यस क्रममा मलेसियाको लेन्गेग घरफिर्ती केन्द्रबाट २०७४ फागुन १० गते १० जना र बुटिक जलिल घरफिर्ती केन्द्रबाट ३० जना श्रमिकहरूको उद्धार गरिएको छ।

- **श्रमिकको पारिश्रमिक वृद्धि:** श्रम नियमावली २०७५ जारी गरिएको छ। श्रमिकहरूको न्यूनतम पारिश्रमिकमा ३९ प्रतिशत बृद्धि गरी साउन १ गतेबाट लागू गरिएको छ। पहिलो चोटी श्रमिकहरूको दैनिक ज्यालामा समेत संचय कोष र अन्य सामाजिक सुरक्षाको योगदान थप गरिएको छ।

- **पत्रकार वृत्तिकोष स्थापना:** एक करोड रूपैयाँको पत्रकार वृत्तिकोष स्थापना गरिएको छ। वरिष्ठ पत्रकारहरूको जीवन वृत्तिलाई यसले सहयोग पुऱ्याउनेछ। देशभरका रेडियोहरूबाट सर्जकहरूले संगीत रोयल्टी पाउने ब्यवस्था लागू गरिएको छ।

- स्थानीय तहका लागि नमूना कानुन तयार





- वैदेशिक रोजगार सम्बन्धि मागपत्र जाँच निर्देशिका २०७५ कार्यान्वयन



- विदेसी जेलमा रहेका नेपालीहरुलाई कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका २०७५ कार्यान्वयन



- दक्षिण कोरिया, संयुक्त अरव इमिरेट्स्, कतार र जापानसँग श्रम सम्बन्धि समझदारी नविकरणको प्रक्रिया



## प्रशासनमा शीघ्र र सहज सेवाको प्रवन्ध

- **स्थानीय तहका लागि नमूना कानुन तयार** गरी पठाइएको छ र स्थानीय तहको अन्तरिम संगठन संरचना तथा दरवन्दी स्वीकृत गरी ५७ हजार ७६६ कर्मचारी  कर्मचारी खटाउने कार्य भईरहेको छ।

- दक्षिण कोरिया, संयुक्त अरव इमिरेट्स्, कतार र जापानसँग **श्रमसम्बन्धी समझदारी नविकरण**को प्रक्रिया अगाडि बढाइएको छ।

- वैदेशिक रोजगारीका सिलसिलामा फौजदारी अभियोग लागी विभिन्न देशका जेलमा रहेका नेपालीहरूलाई कानुनी सहायता पुऱ्याउने उद्देश्यले **कानूनी प्रतिरक्षा सम्बन्धी निर्देशिका २०७५** कार्यान्वयमा ल्याइएको छ।

- वैदेशिक रोजगार विभागमा **दैनिक उजुरी सुन्ने व्यवस्था** सुरूवात भएको छ। वैदेशिक रोजगारीमा ठगीको शिकार भएका वा शोषणमा परेका श्रमिकहरूलाई न्याय दिलाउने उद्देश्यले वैदेशिक रोजगार सम्बन्धि मागपत्र जाँच निर्देशिका २०७५ कार्यान्वयनमा ल्याइएको छ।



# मेलम्ची खानेपानीः
# सपनाबाट यथार्थमा परिणत हुँदै

- **मेलम्ची खानेपानी आयोजना**को सिन्धु-ग्याल्थुम खण्डको २६७ मिटर सुरूङ खन्ने काम सकिएको छ। यसै अवधिमा ४ हजार ५० मिटर टनेल फाइनल फिनिसिङ कार्य सम्पन्न भएको छ। दोस्रो चरणको ३ हजार घनमिटर क्षमताको सुन्दरीजल पानी प्रशोधन केन्द्र र ८ हजार घनमिटर अटोवर्कस् निर्माणको काम सकिएको छ। दोस्रो चरणको याङरी र लार्के खोलाको डीपीआर निर्माण कार्य अन्तिम चरणमा छ।
- **मेलम्ची खानेपानी वितरण**का लागि मुख्य प्रसारणको ४ किलोमिटर पाइप लाइन विछ्याउने काम सकिएको छ। धारा जडान समेत गरी वितरण प्रणालीको ५० कि.मि. पाइप जडान कार्य पनि सकिएको छ, ९ वटा पानीपोखरीको निर्माण अन्तिम चरणमा पुगेको छ।
- **दोस्रो साना शहरी खानेपानी** तथा सरसफाइ आयोजना अन्तर्गत दैलेख आयोजना सम्पन्न भई १२ हजार घर परिवार प्रशोधित खानेपानी सेवाबाट लाभान्वित भएका छन्।
- **खानेपानी गुणस्तर सुधार कार्यक्रम** अन्तर्गत ३ वटा आयोजना (सतिपिपल कर्नेखोला, ओखलढुंगा र जिरिखिम्ति बजार खानेपानी गुणस्तर सुधार आयोजना) सम्पन्न भई प्रशोधित खानेपानी सेवाबाट १३ हजार ३४९ नागरिक लाभान्वित भएका छन्।
- ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति अन्तर्गत संचालित नवौं समुहका २६ आयोजनाहरू सम्पन्न भएको छ, यसबाट १६ हजार ४२ लाभान्वित भएका छन्। दशौं समुहका ७३ आयोजनाबाट ५९ हजार ८६१ र भूकम्पबाट क्षतिग्रस्त भएका मध्ये ४४ आयोजनाबाट २७ हजार २८० देशवासी **आधारभूत खानेपानी तथा सरसफाइबाट लाभान्वित** भएका छन्।

# नमुना शहर र
# एकीकृत वस्ती निर्माणको आधार तयार

- एक शहर एक पहिचानका लागि ६ वटा शहरको अध्ययन र १२ वटाको मस्यौदा प्रतिवेदन तयार
- १० वटा नगर विकास र ४ वटा बजार केन्द्रको विस्तृत परियोजना प्रतिवेदन तयार
- प्रधानमन्त्रीको अवधारणा अनुरुप एकीकृत वस्तीका लागि ७ वटै प्रदेशमा एक-एकवटा घना वस्ती छनौट

- एक शहर एक पहिचानका **१८ वटा सहरहरूको पूर्वाधार विकास कार्यक्रमको अध्ययन** सकिएको छ। यसमध्ये ६ वटा शहरको अध्ययन कार्य सम्पन्न भएको छ भने १२ वटाको मस्यौदा प्रतिवेदन तयार भएको छ।

- विभिन्न १० वटा नगर विकास समिति र ४ वटा वजार केन्द्रको भौतिक विकास योजना सँग सम्बन्धित **मुख्य पूर्वाधारहरूको विस्तृत परियोजना प्रतिवेदन तयार** भएको छ।

- **एकीकृत वस्ती** सम्बन्धि प्रधानमन्त्रीको अवधारणा अनुरूप ७ वटै प्रदेशमा एक-एकवटा घना वस्ती छनौट भएको छ। ती वस्तीहरूमा आवश्यक २/२ वटा प्रमूख पूर्वाधारका सम्बन्धमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको छ।




# स्वास्थ्य क्षेत्रमा उपलब्धि:
# औषधीको मुल्य निर्धारण

- **औषधीको मूल्य निर्धारण सम्बन्धी कार्यविधि** तयार गरिएको छ। यसका आधारमा देशका सबै भूभागमा बसोबास गर्ने नागरिकलाई सर्वसुलभ रूपमा औषधी उपलब्ध गराउन सकिने छ।

- नेपालगञ्ज र जनकपुरमा शहिद गंगालाल हृदय केन्द्र अन्तर्गत **मुटुरोगसम्बन्धी सेवा विस्तार** गरिएको छ।

- नागरिकको स्वास्थ्य विमाका लागि लक्षित ४२ जिल्लाहरूमध्ये ३६ जिल्लामा **विमा कार्यक्रम सञ्चालन** भई ९ लाख ५१ हजार ३३९ जना विमित भएका छन्। त्यस मध्ये १ लाख २६ हजार ८३१ जना अति विपन्न वर्गका नागरिकलाई सरकारद्वारा प्रिमियमको समेत व्यवस्था गरी विमित गरिएको छ।




# उद्योगमा सफलता:
# फलाम खानी अन्वेषण

- विद्यामान औद्योगिक क्षेत्रका अतिरिक्त **सातवटै प्रदेशमा थप औद्योगिक क्षेत्र निर्माण**का लागि स्थान पहिचान गरी स्थलगत प्रतिवेदन तयार भएको छ। भैरहवा विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापना तथा सञ्चालनार्थ उद्योगीहरूलाई अनुमतिपत्र प्रदान गरिएको छ। निजी क्षेत्रबाट उद्योगको भवन निर्माण सुरू भएको छ। यसबाट करिव ४ अर्ब लगानी तथा ३ हजार जनालाई रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

- वारा जिल्लाको सिमरामा निर्माण हुने **सिमरा गार्मेन्ट प्रशोधन क्षेत्र**को कार्य द्रूत गतिमा अघि बढिरहेको छ। पाँचखाल विशेष आर्थिक क्षेत्रमा प्रशासनिक भवन र जग्गा विकासको लागि सम्झौता भई काम सुरू भएको छ।

- **फलाम खानी अन्वेषण** सम्पन्न भइसकेको छ। अन्वेषणका क्रममा २५० हेक्टर क्षेत्रमा प्रारम्भिक अध्ययन गरी ८५० किलो नमूना परीक्षणका लागि चीन पठाइएको छ। यस्तै धादिङको महादेवस्थानमा ३१० मिटर ड्रिलिङ गरी उत्खनन् गरिएको नमुना रासायनिक प्रयोगशालामा परीक्षण भएको छ।





# अन्तर्राष्ट्रिय र प्रदेशस्तरीय रंगशाला निर्माणको तयारी


- प्रदेश १ को इटहरी, २ को जनकपुर, ३ को हेटौंडा, गण्डकी प्रदेशको पोखरा, ५ को दाङ, कर्णाली प्रदेशको सुर्खेत र ७ को धनगढीमा आधुनिक सुविधा सम्पन्न रंगशाला निर्माणका लागि जग्गा पहिचान भएको छ।
- भक्तपुरको सूर्यविनायक नगरपालिकाको वडा नं ९ र १० तथा सोही स्थानसँग जोडिएको चाँगुनारायण नगरपालिकाको वडा नं ८ र ९ मा अन्तरर्राष्ट्रिय स्तरको रंगशाला निर्माण गरिने भएको छ।


# नीति कार्यक्रम ग्राफिक्समा



सरकारको पाँच वर्षे मार्गचित्र



१० वर्षभित्र १५ हजार
मेगावाट विद्युत उत्पादन



पाँच वर्षभित्र प्रतिव्यक्ति आय दोब्बर
बिजुली उत्पादन
रेलमार्ग
हवाई


पाँच वर्षभित्र काठमाडौं निजगढ द्रुतमार्ग निर्माण


रेलमार्ग
मेची-महाकाली रेलमार्ग
काठमाडौं-वीरगञ्ज रेलमार्ग
रसुवागढी-काठमाडौं-पोखरा-लुम्बिनी रेलमार्ग


पाँच वर्षमा कृषिलाई आधुनिकीकरण
र व्यावसायीकरण गरि उत्पादन
दोब्बर बनाउने


विश्वस्तरको मदन भण्डारी विज्ञान तथा प्रविधि अध्ययन प्रतिष्ठानको स्थापना


आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गर्दै शैक्षिक क्षेत्रको विषमता हटाइने



प्रत्येक स्थानीय तहमा न्यूनतम १५
शय्याको अस्पताल निर्माण

# सङ्क्षेपमा बजेट

# आर्थिक वर्ष २०७५/७६ को बजेट बाँडफाँट

## १. समष्टिगत बजेटको खाका


(रू लाखमा)






- कूल बजेट रु. १३ खर्व १५ अर्व १६ करोड १७ लाख। नेपाल सरकारको स्रोत तर्फ रु. १० खर्व ३ खर्व ३१ करोड ८० लाख। बैदेशिक स्रोत रु. ३ खर्व ११ अर्व ८४ करोड ३७ लाख।

## २. प्रदेशगत अनुदान र राजस्व बाँडफाँट

(रू लाखमा)








- विभिन्न अनुदान र राजस्व बाँडफाँट गरी जम्मा रु. १ खर्व ६७ अर्व २५ करोड ४० लाख बाँडफाँट भइसकेको छ। राजस्व बाँडफाँट बाट थप रु. ३ अर्व ५० करोड प्रदेशमा जानेछ। प्रदेशमा हस्तान्तरण भएको कूल रु. १ खर्व ७० अर्व ७५ करोड ४० लाख अर्थात १२.९८ प्रतिशत। यस बाहेक मालपोत रजिष्ट्रेशन र सावारी साधन रजिष्ट्रेशनको पुरै राजस्व केन्द्रबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको छ।

## ३. स्थानीय तह अनुदान र राजस्व बाँडफाँट

(रू लाखमा)





- स्थानीय तहमा हस्तान्तरण भएको २ खर्व ५८ अर्व ८७ करोड ३१ लाख। पछि बाँडफाँट हुने ३ अर्व ५० करोड समेत जम्मा रु २ खर्व ६२ अर्व ३७ करोड ३१ लाख अर्थात १९.९५ प्रतिशत स्थानीय तहमा हस्तान्तरण हुनेछ। यस बाहेक मालपोत रजिष्ट्रेशन र सावारी साधन रजिष्ट्रेशनको पुरै राजस्व केन्द्रबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण गरिएको छ।

## ४. स्थानीय तहलाई अनुदान तथा राजस्व बाँडफाँटको न्यूनतम र अधिकतम रकम


(रू लाखमा)




- अनुदान बाहेक स्थानीय तहले राजस्व बाँडफाट बापत न्यूनतम रु. ३ करोड देखि अधिकतम ३५ करोड सम्म प्राप्त गरेका छन्।

## ५. प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण भएको स्रोत (एकीकृत)

(रू लाखमा)





- कूल स्रोत रु. १४ खर्व ६७ अर्व ५९ करोड १७ लाख मध्ये प्रदेश र स्थानीय तहलाई जम्मा हस्तान्तरण ३२.६७ प्रतिशत हुन आउँछ।
- कूल स्रोतः नेपाल सरकारको बजेट रु १३ खर्व १५ अर्व १६ करोड १७ लाख नेपाल सरकाबाट राजस्व बाँडफाँट अन्तर्गत प्रदेश र स्थानीय तहमा गएको रु १ खर्व १४ अर्व २४ करोड र प्रद्श र स्थानीय तहको कराधिकार नै हस्तान्तरण गरिएको (मालपोत र सवारी साधन कर) रु. ३८ अर्व १९ करोड।

## ६. संघ प्रदेश र स्थानीय तहको कूल बजेट

संघले मात्र संचालन गर्ने
आयोजना/कार्यक्रमको बजेट

**७५%**

- कूल बजेटको ७५.०२ प्रतिशत




संघ बाट प्रदेश र स्थानीयमा
गएको ४ किसिमको (समानीकरण
सर्शत समपूरक विशेष अनुदान

**२५%**

- कूल बजेटको २४.९८ प्रतिशत

- नेपाल सरकारको अनुदान १ खर्व २३ अर्व ४३ करोड ४१ लाख
- नेपाल सरकारको राजस्व वांडफांड ५३ अर्व ८१ करोड
- प्रदेशहरुको आफ्नो स्रोत २९ अर्व ५५ करोड ६५ लाख

- नेपाल सरकारको अनुदान २ खर्व ५ अर्व ५ करोड ३१ लाख
- नेपाल सरकारको राजस्व वांडफांड ५३ अर्व ८१ करोड
- स्थानीय तहहरुको आफ्नो स्रोत ७२ अर्व १३ करोड ६९ लाख

तीनवटै तहको कूल बजेट अनुमान

**१५ खर्व २४ अर्व ४७ करोड ५१ लाख**

## ७. संघबाट संचालन हुने मुख्य मुख्य कार्यक्रमहरु

| रु. १० अर्वभन्दा बढी विनियोजन भएका आयोजना/कार्यक्रम | बजेट (रु. लाख) |
|---|---|
| राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | १५१०८१३ |
| १३२ के.भी. तथा अन्य प्रसारण लाईन विस्तार | २४६९३८ |
| बुढी गण्डकी जलविद्युत आयोजना | १७९९९६ |
| काठमांडौ-तराई मधेश फाष्ट ट्र्याक | १५३९७८ |
| सघन शहरी विकास कार्यक्रम | १०९७०७ |

| रु. ५ अर्वभन्दा बढी विनियोजन भएका आयोजना/कार्यक्रम | बजेट (रु. लाख) |
|---|---|
| विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ७५५५६ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७२९२८ |
| सासेक सडक सुधार आयोजना | ७२२०० |
| मेलम्ची खानेपानी आयोजना | ७०६५९ |
| मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ७०४०० |
| दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना (भैरहवा विमानस्थल) | ६८३०० |
| पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ६८००० |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६६००० |
| नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ६४४८० |
| भेरी - ववई डाइभर्सन बहुउद्देश्यीय आयोजना | ६०९७४ |
| विशेष कृषि उत्पादन कार्यक्रम | ६०००२ |
| सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य वीमा) कार्यक्रम | ६०००० |
| पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ५५५०२ |
| हुलाकी राजमार्ग (पुलहरु समेत) | ५५००२ |
| सडक बोर्ड (सडक मर्मत) | ५५००० |
| पुर्ननविकरणीय तथा क्षमता विस्तार आयोजना | ५१४११ |

| रु. ३ अर्वभन्दा बढी विनियोजन भएका आयोजना/कार्यक्रम | बजेट (रु. लाख) |
|---|---|
| ब्याज अनुदान (कृषी, पशुपालन तथा अन्य आयआर्जन) | ५०००० |
| सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण | ५०००० |
| सडक सुधार आयोजना | ४८६०६ |
| तनहुँ जलविद्युत आयोजना (१४० मे.वा.) | ४७००० |

| | |
|---|---|
| रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ४५४७६ |
| रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ४५००३ |
| मदन भण्डारी राजमार्ग (झापाको शान्तिनगर देखि पश्चिम डडेल्धुराको रुपालसम्म) | ४५००० |
| काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना | ४१९८६ |
| काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना | ४०२२३ |
| लगानी -विविध | ३९००० |
| भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | ३८९०२ |
| सासेक राजमार्ग सुधार आयोजना | ३७८०० |
| तराई मधेस सडक पुर्वाधार विशेष कार्यक्रम | ३५२९९ |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ३२३०४ |
| सडक क्षेत्र विकास आयोजना | ३२१६१ |
| झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ३११४० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ३१००० |
| हवाई यातायात क्षमता अभिवृद्धि आयोजना | ३०४०० |
| व्यापारीक मार्ग विस्तार आयोजना | ३०००२ |

| **रु. २ अर्वभन्दा बढी विनियोजन भएका आयोजना/कार्यक्रम** | **बजेट (रु. लाख)** |
|---|---|
| नदी नियन्त्रण | २९६९२ |
| स्थानिय सडक पुल निर्माण | २८९९६ |
| तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २८९३८ |
| औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २८४७३ |
| माथिल्लो त्रिशुली (३ए) जलविद्युत आयोजना (६० मे.वा.) | २५८५० |
| नेपाल भारत विद्युत प्रशारण | २४८६९ |
| अन्य ३३ के.भी. तथा सव-स्टेशन आयोजनाहरु | २४१३८ |
| ग्रामिण खानेपानी तथा सरसफाइ कोष | २३९९५ |
| कृषि अनुसन्धान कार्यक्रम | २३७७८ |
| उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | २३०५१ |
| जलवायु अनुकिलित वृहत खानेपानी आयोजना | २२७१० |
| राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | २२५५९ |
| एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम | २१५५९ |
| रानी जमरा कुलरिया सिंचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | २१५२५ |
| भवन निर्माण संहिता,सरकारी भवन निर्माण | २१३७७ |
| राजमार्ग स्तरोन्नती (रणनीतिक सडक विकास आयोजना) | २१०६३ |
| स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २०५१३ |
| तराई मधेस समृद्धि कार्यक्रम | २०३०६ |

| रु. १ अर्वभन्दा बढी विनियोजन भएका आयोजना/कार्यक्रम | बजेट (रु. लाख) |
|---|---|
| बागमती सुधार आयोजना | १८९२७ |
| विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | १८६८२ |
| पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | १८००० |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १७२२५ |
| सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | १७१८८ |
| राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति | १६९९७ |
| जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | १६१२० |
| काठमाडौं उपत्यका सडक विस्तार आयोजना | १५०७९ |
| सिक्टा सिंचाइ आयोजना | १४९४३ |
| नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १४९०८ |
| राहुघाट जलविद्युत आयोजना (२७ मे.वा. ) | १४८४३ |
| चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ( वीर अस्पताल समेत) | १४७३० |
| चक्रपथ विस्तार आयोजना | १४६०७ |
| यातायात व्यवस्था सुदृढीकरण आयोजना | १४३८४ |
| दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | १४३०० |
| राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | १४१४० |
| व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | १४०७३ |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली | १३१९० |
| जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १२८२० |
| वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | १२५४४ |
| आवास व्यवस्था कार्यक्रम | १२५०० |
| नेपाल नागरिक उड्डयन प्रधिकरण | १२५०० |
| बबई सिंचाइ आयोजना | १२४९७ |
| पावर सेक्टर रिर्फम ऐण्ड सस्टेनबल हाईड्रोपावर डेभलपमेन्ट प्रोजेक्ट | १२११९ |
| शहरी तथा वातावरणीय सुधार आयोजना | ११४३५ |
| लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ११४०७ |
| उच्च शिक्षा सुधार परियोजना | ११०८६ |
| रणनीतिक सडक पुनर्स्थापना तथा सुधार | ११००० |
| खानेपानी तथा ढल निकास कार्यक्रम | ११००० |
| जलाशययुक्त आयोजनाहरुको छनौट तथा संभाव्यता अध्ययन | १०८८० |
| गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना | १०५७२ |
| नगर विकास कोष | १०००० |

# संघीयता कार्यान्वयन तथा स्थानीय तहको क्षमता विकास सम्बन्धी केही सूचक

- स्थानीय तहको अन्तरिम संगठन संरचना स्वीकृत ।
- नेपाल निजामती सेवामा कार्यरत कर्मचारीहरूको व्यवस्थापनः

| | |
|---|---|
| कुल कर्मचारी दरबन्दी | : १ लाख १७ हजार ८५७ |
| संघमा | : ४५ हजार ८५८ |
| प्रदेशमा | : २१ हजार ३९९ |
| स्थानीय तहमा | : २० हजार ५७८ |
| सेवा करार | : ३२ हजार १७४ (स्वास्थ्य, कृषि, पशु अन्तर्गत) |
| **जम्मा** | **१ लाख २० हजार ९** |

- स्थानीय तहहरूलाई उपलब्ध गराइएको आवश्यक थप नमूना कानुन, कार्यविधि, मार्गदर्शन–
    - स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ ।
    - स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ ।
    - स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ।
    - न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ ।
    - एकीकृत सम्पत्ति कर व्यवस्थापन कर व्यवस्थापन कार्यविधि, २०७४ ।
    - विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ ।
    - स्थानीय उर्जा विकास निर्देशिका, २०७५ ।
    - स्थानीय राजपत्रको नमुना ।
    - स्थानीय तहको लागि आवश्यक देहायका थप नमूना कानुन, कार्यविधि, मार्गदर्शन तयार गरी स्थानीय तहहरूलाई उपलब्ध गराईएको ।

   - गाउँपालिका तथा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७४ ।
   - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)
   - गाउँ/नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ ।
   - गाउँ/नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४
   - घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४
   - अनाथ तथा जोखिमयुक्त वालवालिका तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
   - स्थानीय तहको सार्वजनिक खरिद नियमावली

- ७५३ स्थानीय तह (नगर/गाउँपालिका) का लागि वेबसाइट निर्माण तथा स्तरोन्नती, स्थानीय तह सम्बन्धी विभिन्न जानकारीमूलक मोबाईल एप्स Local Governance Apps को तयारी ।
- स्थानीय तहको क्षमता विकासको लागि तालिम प्याकेज र निर्देशिका तयार ।

# कर्मचारी व्यवस्थापन तथा संगठन विकास सम्बन्धी

- कर्मचारी समायोजन नियमावली, २०७४ स्वीकृत भएको ।
- संघीय संरचना बमोजिम संघमा रहने २१ वटा मन्त्रालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई कूल २६५२ दरबन्दी कायम भएको ।
- साविकमा रहेका ६३ वटा विभाग र विभागस्तरका निकायहरूबाट ५६ वटा विभाग र विभागस्तरका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या, उद्योग, वाणिज्य तथा आपूर्ति, शिक्षा, विज्ञान तथा प्रविधि, कृषि, भूमि व्यवस्था तथा सहकारी, गृह, संचार तथा सूचना प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण र सहरी विकास मन्त्रालय गरी १० वटा मन्त्रालयको संघ अन्तर्गत रहने कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको ।
- स्थानीय तहका लागि अन्तरिम संगठन संरचना तथा दरबन्दी सहितको संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भएको छ । यसै गरी जिल्ला शिक्षा कार्यालयहरू खारेज भएपछि जिल्लामा शिक्षाका कार्यहरू सम्पादन गर्नका लागि जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने गरी हाललाई शिक्षा विकास तथा समन्वय इकाइको अन्तरिम संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भएको ।
- प्रदेश मुख्य मन्त्री तथा मं.प. को कार्यालय लगायत ७ मन्त्रालय, प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भएको ।

- महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत रहने उच्च सरकारी वकिल कार्यालय, ओखलढुंगा र पर्सा विरगंजको संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न भएको ।

- प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भएको ।

- प्रदेशको भौतिक पूर्वाधार मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतीका लागि मन्त्रिपरिषद्मा पेश भएको ।

- प्रदेशस्तरको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतीका लागि मन्त्रिपरिषद्मा पेश भएको ।

- ७ वटै प्रदेशका प्रदेश मन्त्रालयहरूको अन्तरिम संगठन संरचना तथा दरबन्दी स्वीकृत गरी प्रदेश सचिवदेखि तल्लो स्तरसम्मका करिब १६०० जना कर्मचारी खटाइएको ।

प्रकाशक
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार